**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १४ नवम्बर २०२५**
**समयः १८.५० – १९:०० बजे**

## मुख्य समाचार

१. बिहार विधानसभा चुनावमा एन.डी.ए. विजयको दिशामा अघि बढिरहेको छ।

२. राष्ट्रपति द्रौपदी मुर्मुले बालबालिका देशको भविष्य रहेको र उनीहरूलाई आत्मविश्वासी र जिम्मेवार नागरिक बनाउन महत्त्वपूर्ण रहेको बताउनु भयो।

३. विविध कार्यक्रमको साथमा देशको अन्य हिस्सा सरह दार्जिलिंग पहाडको बिभिन्न स्थानहरुमा बाल दिवस पालन गरियो

४. सआईआरको समीक्षा गर्न_निर्वाचन आयोगका एक प्रतिनिधिमण्डल आगामी 18 नोभेम्बरमा पश्चिम बंगालमा आइपुग्नेछ।

५. सिलीगुड़ीको सेल्सियन कॉलेजमा दुई दिवसीय रोजगार मेला भोलिदेखि शुरु हुनेछ|

## बिहार मतगणना

बिहारमा एन.डी.ए.ले विधानसभा चुनावमा भारी विजयको दिशामा अघि बढिरहेको छ। अहिलेसम्म घोषित ९२ मत परिणाममध्ये ८० सिट उसको पक्षमा गएको छ भने ८ सिट महागठबन्धनले जितेको छ। चार सिट अन्यको पक्षमा गएको छ। **अहिलेसम्मको रुझान र परिणामअनुसार एनडीएले २०४ सिटमा अग्रता लिएको छ। जसमा भाजपाले ९२, जनता दल (युनाइटेड) ले ८४, लोक जनशक्ति पार्टी (एलजेपी) ले १९, हम ५ र राष्ट्रिय लोकमोर्चाले चार सिटमा अग्रता लिइरहेको छ।** महागठबन्धनले ३३ सिटमा अग्रता लिइरहेको छ। आरजेडी २५, कांग्रेसले पाँच, सीपीआई **माले-लेनिन** दुई, सीपीआई (एम) ले एक र सीपीआई(एम) ले एक सिटमा अग्रता लिइरहेको छ। अन्य उम्मेदवारले छ सिटमा अग्रता लिइरहेका छन्। एआईएमआईएमले पाँच सिटमा अग्रता लिइरहेको छ भने बहुजन समाज पार्टी (बीएसपी) ले एक सिटमा अग्रता लिइरहेको छ।

## राष्ट्रपति-बाल दिवस

राष्ट्रपति द्रौपदी मुर्मुले बाल दिवसको अवसरमा आज राष्ट्रपति भवन सांस्कृतिक केन्द्रमा विभिन्न विद्यालय तथा सङ्गठनका बालबालिकासँग अन्तरक्रिया गर्नुभएको छ। यसै अवसरमा राष्ट्रपति मुर्मुले बालबालिका देशको भविष्य रहेको र उनीहरूलाई आत्मविश्वासी र जिम्मेवार नागरिक बनाउन महत्त्वपूर्ण रहेको बताउनु भयो। यसका साथमा राष्ट्रपतिले बालबालिकासँग केही सुखद क्षणहरू पनि साझा गर्नुभयो र उनीहरूमध्ये केहीले वन्दे मातरम गाए र कविता वाचन गरे।

## बनर्जी-बाल दिवस

मुख्यमन्त्री ममता बनर्जीले बाल दिवसको अवसरमा सबै बालबालिकालाई शुभकामना दिँदै उनीहरूलाई 'भोलिको उज्यालो' बताउनुभयो। मुख्यमन्त्रीले आफ्नो सन्देशमा बालबालिका समयको उज्यालो भएको र बाल दिवसको अवसरमा

सबै बालबालिकालाई प्रेम, शुभकामना र बधाई दिएको बताउनु भयो। भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूको जन्मजयन्तीको सम्झनामा हरेक वर्ष नोभेम्बर १४ मा बाल दिवस मनाइन्छ।

## डीएचआर

बाल दिवसको अवसरमा दार्जीलिङ हिमालयन रेलवे (डीएचआर) ले दिव्यांग बालबालिकाका लागि खेलौना रेल यात्राको आयोजना गरेको छ । यो यात्रा आज बिहान सिलगुडी जंक्शनबाट रंगटोंगसम्म सञ्चालन गरिएको थियो। सिलिगुडी जंक्शनमा बिहानैदेखि उत्सवको वातावरण थियो । रङ्गीचङ्गी बेलुनले मञ्च सजाइएको थियो । यस क्रममा दिव्यांग बालबालिकाका साथै डीएचआरका निर्देशक ऋषभ चौधरी र अन्य गणमान्य व्यक्तिहरू पनि यस विशेष भ्रमणमा उपस्थित थिए । प्राप्त जानकारी अनुसार बाल दिवसको अवसरमा रेलवेले १३ नोभेम्बरदेखि १५ सम्म विभिन्न कार्यक्रम आयोजना गरेको छ । १५ नोभेम्बरमा सुखना स्टेशनमा स्टेशन फेस्टिभल आयोजना गरिनेछ। महात्मा गान्धीको दार्जीलिङ भ्रमणको शताब्दी वर्षको उपलक्ष्यमा रङ्गटोङ-सुखनामा शताब्दी मार्च पनि आयोजना गरिनेछ।

## उत्तर बङ्ग

उत्तर बङ्ग विश्वविद्यालयको स्थानीय भाषा र संस्कृति अध्ययन केन्द्र (CSLLC) ले ‘उत्तर बङ्गको संवेदनशील समुदायहरूको भाषा र संस्कृतिहरू’ विषयमा ICSSR प्रायोजित दुई-दिनको राष्ट्रिय सेमिनार सफलतापूर्वक आयोजित गऱ्यो। सेमिनारले विद्वान, भाषाशास्त्री, सांस्कृतिक कार्यकर्ता, र समुदाय प्रतिनिधिहरूलाई क्षेत्रको धनी भाषिक विविधता, सांस्कृतिक विरासत, र संवेदनशील समुदायहरूले सामना गरिरहेका जरुरी चुनौतीहरूमा छलफल गऱ्यो।
६५जना स्रोत व्यक्ति, पेपर प्रस्तोता, सांस्कृतिक प्रदर्शनकारीहरू, र स्थानीय भाषाशास्त्रीहरूसहित २००भन्दा बढी प्रतिनिधिहरूको सहभागितामा, सेमिनारले शैक्षिक आदानप्रदानको लागि जीवन्त प्लेटफर्म प्रदान गऱ्यो। दसवटा प्राविधिक सत्रहरू मार्फत, सेमिनारले उत्तरी बंगालका विविध समुदायहरूको संकटग्रस्त भाषाहरू र सांस्कृतिक अभिव्यक्तिहरूको संरक्षण र पुनरुत्थान बारे गहन छलफलको अवसर प्रदान गऱ्यो।

## सआईआरको समीक्षा गर्न ईसीआईका अधिकारीहरू

निर्वाचन आयोगका वरिष्ठ आयुक्त ज्ञानेश भारतीको नेतृत्वमा अधिकारीहरूको एक प्रतिनिधिमण्डल आगामी 18 नोभेम्बरको दिन पश्चिम बंगालमा आइपुग्नेछ। यो टीमले राज्यमा भइरहेको मतदाता सूचीको विशेष संक्षिप्त पुनरीक्षण (एसआईआर)- को प्रगतिको विस्तृत मूल्यांकन गर्नेछ। चुनाउ आयोगका एकजना वरिष्ठ अधिकारीले आज बिहान यस आशयको जानकारी दिएका हुन् |उनले बताए, प्रतिनिधिमण्डलले आफ्नो प्रवास अवधि राज्यका विभिन्न जिल्लाहरूको भ्रमण गरी त्यहाँको धरातलीय स्तरमा एसआईआरको कार्यप्रणालीको जाँच गर्नेछ।यसैबीच आगामी 21 नोभेम्बरमा पूर्ण रूपमा समीक्षा बैठक (एफएलसी) निर्धारण गरिएको छ जसमा राज्यका सबै जिल्ला चुनाउ अधिकारी (डीईओ)-लाई बोलाइएको छ। यस महत्वपूर्ण बैठकमा राष्ट्रिय अनि राज्य स्तरका आठ वटा राजनीतिक पार्टीका प्रतिनिधिहरूले भाग लिनेछन्। यो सत्र ईसीआईको ईभीएम संचालन प्रभारी वरिष्ठ उपचुनाउको अध्यक्षतामा हुनेछ।अधिकारीले बताए, आगामी 21 नोभेम्बरको समीक्षा बैठकमा जिल्ला अनि ब्लकमा एसआईआर गतिविधिहरूको वर्तमान गति, बीएलओको कार्य प्रदर्शन तथा सिकायत निवारण तन्त्रको स्थितिको ध्यानपूर्वक मूल्यांकन गरिनेछ।आगामी दौड़ाहको मुख्य उद्देश्य एसआईआर प्रक्रियालाई पारदर्शी, त्रुटिरहित औ निष्पक्ष बनाइराख्नु रहेको छ। बैठकमा ईभीएमको तयारी तथा अद्यतन मतदाता सूचीको व्यापक समीक्षामाथि विशेष बल दिइने सम्भावना छ।

## बिप्लब देव

भाजपाको सह-चुनाव पर्यवेक्षक एव त्रिपुराका पूर्व मुख्यमन्त्री तथा सांसद विप्लव देवले सिलगुडी महकमाको नक्सलबाडीको कोटियाजोतमा पार्टी कार्यकर्ताहरूसँग बैठक गर्नुभयो। बैठकमा सांसद राजु बिष्ट, विधायक आनन्दमय

बर्मन, जिल्ला निर्वाचन पर्यवेक्षक बापी गोस्वामी, जिल्ला अध्यक्ष अरुण मण्डल र अन्य नेताहरू उपस्थित थिए। बैठकमा बुथ र सांगठनिक शक्तिका विषयमा छलफल भएको थियो।

## सिलीगुड़ीमा दुई दिवसीय रोजगार मेला

सिलीगुड़ीको सेल्सियन कॉलेजमा दुई दिवसीय रोजगार मेलाको आयोजन हुन गइरहेको छ | यो रोजगार मेला 15 अनि 16 नभोम्बरमा आयोजित हुनेछ। राज्यसभा सांसद सदस्य हर्षवर्धन श्रृंगलाले आज पत्रकार सम्मेलन गर्दै यो जानकारी दिनुभएको हो | हर्षवर्धन श्रृंगलाले भन्नु भएको छ रोजगार मेलामा भाग लिनका लागि ऑनलाइन पंजीकरण शुरू भइसकेको छ ज-जसले ऑनलाइन पंजीकरण गर्न सकेका छैनन् , उनीहरुले 15 नभोम्बरको बिहान कॉलेज परिसरमा पंजीकरण गराउन सक्नेछन् | नौकरी चाहनेहरुका निम्ति विशेष प्रशिक्षण अनि साक्षात्कारको तैयारीको सत्र पनि आयोजित गरिएको छ|उल्लेखनीय छ कि पोहोर साल दार्जिलिंगमा आयोजित रोजगार मेलामा लगभग 300 मानिसहरुलाई नौकरीको अवसर प्राप्त भएको थियो | यसपाली पनि मेलाको आयोजन व्यापक रुपमा गरिएको छ| यस रोजगार मेलामा 60 भन्दा अधिक नामी कंपनिहरुले हिस्सा लिइरहेका छन् जहाँ दस हज़ार भन्दा अधिक रिक्त पदहरुमा भर्तीको अवसर उपलब्ध हुनेछ | यसैबीच दस हज़ार भन्दा अधिक उम्मेदवारहरुले अघि बाटै पंजीकरण गराई सकेका छन् | रोजगार मेलाको उद्घाटन समारोहमा केंद्रीय मंत्री, सांसद, विधायक समेत कयौं गणमान्य अतिथि उपस्थित रहने आशा गरिएको छ |

## दुर्गा पूजा

दार्जिलिङ ट्राफिक पुलिसले दुर्गा पूजाको अवसरमा ट्राफिक जनचेतना फैलाउने तीन पूजा कमेटिलाई पुरस्कृत गरेको छ। दार्जिलिङ चौरास्ता दुर्गा पूजा कमेटि, नक्सालबाडी शिवजी संघ र खोरीबारी बालयझोरा दुर्गा पूजा समितिलाई नक्सालबारी ब्लक सामुदायिक विकास कार्यालय भवनमा पुरस्कृत गरिएको छ।

## बम बरामद

मुर्शिदाबाद जिल्ला पुलिसले विभिन्न क्षेत्रबाट ठूलो संख्यामा बम बरामद गरेको छ। डोमकल थाना पुलिसले दुई ठाउँबाट २७ वटा बम बरामद गरेको छ। पुलिसका अनुसार डोमकलको कमुददियार घाटपाडाबाट १२ र निश्चिन्तपुर क्षेत्रबाट १५ वटा बम बरामद भएको छ। यता कांदी पुलिस थाना क्षेत्रको हिजल क्षेत्रको बाघ आछड़ा गांवको मैदानमा ठूलो मात्रामा बम फेला परेको थियो। घटनास्थलबाट पुलिसले ६२ वटा नयाँ बम बरामद गरेको छ। सबै बम निष्क्रिय पारिएको थियो। यो लगातार बरामदगीले जिल्लामा सनसनी मच्चाएको छ। पुलिसले सबै घटनाको अनुसन्धान गरिरहेको छ।